निर्णय नं. १:

यस रत्ननगर नगरपालिका वडा नं. १२ स्थित बागदेवी टोलमा पोखरा विश्व विद्यालयको आंगिक कलेजको रुपमा स्थापना हुन गैरहेको ईन्जिनियरिङ्ग क्याम्पसको लागि यस नगरपालिकाको तर्फबाट निम्न बमोजिमका व्यक्तिलाई संचालक समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री कपिलदेव सुवेदी, रत्ननगर १३
२. श्री रामबाबु घिमिरे, रत्ननगर २
३. श्री विष्णु पौडेल, रत्ननगर ९

निर्णय नं. २:

रत्ननगर वडा नं. २ स्थित रत्ननगर ताजा तरकारी संकलन तथा बिक्री केन्द्र स्थलमा घरेलु तथा साना उद्योग कार्यालयद्धारा निर्मित स्थानीय उपज बिक्री केन्द्र (कोशेली घर) व्यवस्थापन कार्यविधी अनुसार प्रस्तावित व्यवस्थापन समिति अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र. सं. | पद/नाम थर | क्र. सं. | नाम थर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री डवल श्रेष्ठ | ९ | सदस्य श्री गिता अधिकारी |
| २ | उपाध्यक्ष श्री ज्वाला पुरी वन | ११ | सदस्य श्री राजेन्द्र हमाल |
| ३ | सचिव श्री रविन्द्र श्रेष्ठ | १२ | सदस्य श्री गिता सिंखडा |
| ४ | सह सचिव श्री विरन्जना घिमिरे | १३ | सदस्य श्री विन्दा कार्की |
| ५ | कोषाध्यक्ष श्री भागिरथी प्रजापति | १४ | सदस्य श्री सोममाया तमाङ्ग |
| ६ | सदस्य श्री चन्द्रिका के.सी. | १५ | सदस्य श्री उद्योग वाणिज्य संघ रत्ननगर |
| ७ | सदस्य श्री सम्झना श्रेष्ठ | १६ | सदस्य श्री घरेलु तथा साना उद्योग कार्यालय |
| ८ | सदस्य श्री गोविन्द श्रेष्ठ | | |

सल्लाहकार समिति

| क्र.सं. | पद/नाम थर |
|---|---|
| १ | संयोजक श्री दिपक कर्माचार्य |
| २ | सदस्य श्री तिलक राज पौडेल |
| ३ | सदस्य अधिकृत प्रतिनिधी घरेलु तथा साना उद्योग कार्यालय |
| ४ | सदस्य श्री लिलादेवी पोखरेल |
| ५ | सदस्य अधिकृत प्रतिनिधी रत्ननगर नगरपालिका |

निर्णय नं. ३:

रत्ननगर नगरपालिकाको प्रतिक चिन्ह छनौटका लागि प्रकासित सार्वजनिक सूचना अनुसार पेश भएका नमुनाहरुको अध्ययन गरी परिमार्जन सहित उपयुक्त लोगो सिफारिस गर्न निम्न वमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

संयोजक श्री केशव आचार्य
सदस्य श्री तिलक राज पौडेल
सदस्य श्री हरि कुमाार श्रेष्ठ
सदस्य श्री मिना गिरी
सचिव श्री विश्वास श्रेष्ठ

निर्णय नं. ४:

रत्ननगर न. पा. वडा नं. १ सौराहाचोक स्थित रत्ननगर बसपार्कको दैनिक पार्किङ्ग शुल्क निम्न वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | सवारी साधनको विवरण | दर |
|---|---|---|
| १ | बस, ट्रक, टिपर | ५०।- |
| २ | मिनीबस, मिनी ट्रक | ३५।- |
| ३ | ३५ हर्सपावर भन्दा बढीको ट्रयाक्टर | ३०।- |
| ४ | ३५ हर्सपावर भन्दा घटीको ट्रयाक्टर | २५।- |
| ५ | निजी कार, भाडाको कार, म्याजिक | २०।- |
| ६ | अटो, टेम्पो, पावरटेलर (तीन पाङ्ग्रे) | १५।- |
| ७ | मोटर साईकल | १०।- |
| ८ | विदेशी कार, टेक्सी, जीप, भ्यान | ५०।- |
| ९ | विदेशी ट्रक, लहरी | १००।- |

**निर्णय नं. ५:**

रत्ननगर २ टाँडीचोकमा निर्मित आकासे पुलमा होडिङ्ग बोर्ड राख्ने प्रयोजनको लागि सूचना प्रकाशि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

बागमती प्रदेश सरकारको सशर्त कार्यक्रमको ५० लाख र वडा नं. ३ को वडा वजेट रु. ३५ लाखब सडक कालोपत्रे गर्न बोलपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

रत्ननगर वडा नं. १२ का वडा सदस्य स्व. ठूलोकान्छा तमाङ्गको घरायसी आर्थिक अवस्था कमजोर रहे र निज नगरपालिकाको वडा सदस्य भएकोले परिवारको भरणपोषणको लागि परिवारल रु. २,००,०००।- (दुई लाख) अन्य सहायता व्यक्ति तथा संस्था शिर्षकबाट सहयोग उपलव्ध गराउ निर्णय गरियो ।

**निर्णय नं. ८:**

यस आर्थिक वर्षमा संचालनमा आएका थप ७(सात) वटा आधारभूत स्वास्थ्य केन्द्र संचालनको ला निम्न वमोजिम दरवन्दी स्वीकृत गरी पदपूर्तीका लागि १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो

तपसिल:

१. अ.हे.व.(सहायक चौथो) ४(चार) जना
२. अ.न.मी.(सहायक चौथो) ५(पाँच) जना
३. का.स. ५(पाँच) जना

**निर्णय नं. ९:**

यस नगरपालिका क्षेत्रका एकाघर सगोल परिवारमा बस्ने अपांगहरुलाई घर नक्सापास दस्तुरमा वड कार्यालयको सिफारिसको आधारमा निम्न वमोजिम छुट दिने निर्णय गरियो ।

तपसिल:

१. पूर्ण असक्त (क वर्ग) १००%
२. अशक्त अपांग (ख वर्ग) ५०%
३. आंशिक अपांग (ग वर्ग) २५%

**निर्णय नं. १०:**

नगरपालिकामा सूचीकृत भई निरन्तर कार्यसम्पादन गर्दै आएका र न्यायिक समितिबाट सिफारिस भैआएका मेलमिलापकर्ताहरुको आ.व. २०७८।०७९ को लागि नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

रत्ननगर नगरपालिका वडा नं. २ टांडीचोकबाट दक्षिणतर्फ निर्माणाधिन सडकको दायाँ बायाँ नाला सहित फुटपाथ निर्माण गर्ने क्रममा हेमपाईप राखी सडक कालोपत्रे सडक मर्मत कार्यका लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट रु. ४,९८,१४९।- (चार लाख अन्ठानव्वे हजार एकसय उनान्पचास रुपैया) उपलव्ध गराउने निर्णय गरियो ।